निर्णयहरू:-

१. जिल्ला सुरक्षा समितिका सम्पूर्ण सदस्य सहित देहाय बमोजिमका अन्य क्षेत्रका पदाधिकारीहरू रहने गरी **COVID-19** सम्बन्धि एक कमाण्ड पोष्ट गठन गरी **COVID-19** को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक कार्य गर्ने ।

| | |
|---|---|
| श्री भीम लाल महर्जन | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| श्री सुपेन्द्र कार्की | हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडा |
| श्री प्रणय कुमार उपाध्याय | स्वास्थ्य कार्यालय, मकवानपुर |
| श्री कृष्ण कटुवाल | उद्योग वाणिज्य संघ, मकवानपुर |

२. जिल्ला समन्वय समिति, मकवानपुरले स्थानीय तहहरूमार्फत भारत तथा तेस्रो मुलुकबाट आएकाहरूको लगत तयार गरी निजहरूको हालको स्वास्थ्य अवस्थाका सम्बन्धमा समेत विवरण तयार गर्ने ।

३. नेपाल सरकारद्वारा घोषित लकडाउनको समयमा आत्यावश्यक वस्तुहरूको सहज आपूर्तिको लागि उद्योग वाणिज्य संघ, मकवानपुरले आवश्यक सहजीकरण गर्ने ।

४. कोरोना भाईरस **(COVID-19)** को सम्भावित संक्रमणको जोखिम रोकथाम तथा नियन्त्रण गर्न **Self Quarantine** तथा **Home Quarantine** लाई स्थानीयस्तरमा प्रभावकारीरूपमा पालना गर्ने व्यवस्थाका लागि सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

५. हेटौडा एकेडेमिमा सञ्चालनमा ल्याइएको ३० (तीस) बेडको **Quarantine** को व्यवस्थापनका लागि हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौडाले आवश्यक व्यवस्था मिलाउने ।

६. स्वास्थ्य कर्मचारीहरूले प्रयोग गर्ने **PPE (Personal Protective Equipment)** को व्यवस्थापन स्वास्थ्य कार्यालय, मकवानपुरले गर्ने ।

७. हेटडा-४ मा अवस्थित श्रमिक मा.वि. मा सञ्चालित **ICU** र **Isolation Ward** को व्यवस्थापन हेटौडा अस्पतालका मे.सु. श्री प्रविण श्रेष्ठले गर्ने र यसको सहयोगी भूमिका हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखाका प्रमुख भोला चौलागाईले गर्ने ।

०७६।१२।१२
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी